नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जलस्रोत तथा सिंचाइ विभाग

# सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

सिन्धुली


सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण


**(२०८० कार्तिक देखि २०८० पुष सम्म)**

## १. पृष्ठभूमि

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना सिन्धुली र रामेछाप जिल्लाको सिमानामा अवस्थित सुनकोशी नदीको पानीलाई बाँध बाँधी १३.३ कि.मि. लामो सुरुङ मार्फत मरिन नदिमा खसाली बागमती नदी हुँदै बागमती सिंचाइ आयोजनामा पुर्याउने र हाल सिंचाइ भइरहेको ४५,६०० हेक्टर जमीन सहित धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाहरुको कूल जम्मा १,२२,००० हेक्टर जमीनमा वर्षैभरी सिंचाइ सुविधा पुर्याउने प्रमुख उद्देश्य रहेको छ । साथै मरिन नदीमा पानी पथान्तरण गरि जम्मा ३१.०७ मेगावाट जलबिद्युत उत्पादन गर्ने सहायक उद्देश्य समेत रहेको छ। बागमती प्रदेशको सिन्धुली जिल्ला स्थित यस आयोजानाले मधेस प्रदेशको ५ वटा उर्वर भूमि रहेको जिल्लाहरुमा वर्षैभरी सिंचाइ सुविधा पुर्याई कृषि उत्पादकत्वको वृद्धी तथा किसानहरुको जिविकोपार्जनमा उल्लेख्य सुधार गर्नुका साथै जलविद्युत समेत उत्पादन गरि सिंगो देशको अर्थतन्त्रमा टेवा दिनुका साथै प्रादेशिक सन्तुलनमा समेत योगदान दिने यस सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाको रूपमा कार्यान्वयनको चरणमा छ। स्वीकृत खरिद गुरुयोजना (अद्यावधिक-०१) अनुसार यस आयोजनाको कुल लागत अनुमान रु ४९ अर्ब ४२ करोड ३१ लाख रहेको छ ।

यस आयोजना अन्तरगत सिन्धुली जिल्लाको खुर्कोट देखि करिब २ कि.मि. माथि (सुनकोशी र तामाकोशी को दोभान भन्दा करिब १ कि.मि. तल) सुनकोशी नदीमा हेडवर्क्स निर्माण हुने छ भने बिद्युतगृह सर्जसाफ्ट, स्विचयार्ड कमलामाइ न.पा. -२ कुसुमटार सिन्धुलीमा पर्दछ ।






*सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स(बाँधस्थल) , पावर हाउस) विद्युतगृह ,(हेडरेस टनेल) सुरुङ ,(मारिन नदी र बागमती ब्यारेज को अवस्थिति*

यस आयोजनाको निर्माण कार्य आ.व. २०७७/७८ मा शुरु गरी आ.व. २०८५/८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

## २. दीर्घकालीन दृष्टिकोण

### आयोजनाको दूरदृष्टी

“सक्षम र सुदृढ सार्वजनिक क्षेत्रको माध्यमबाट आधुनिक प्रविधिको सफल प्रयोग मार्फत अन्तर जलाधार जल स्थानान्तरण तथा बहुउद्देश्यीय जलस्रोत आयोजनाहरुको विकास गरी जल विद्युत उत्पादनको साथै कृषि योग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलव्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै देशको दिगो आर्थिक विकास हासिल गर्न सहयोग पुऱ्याउने मूलभूत लक्ष्य रहेको छ।”

## आयोजनाको उद्देश्य

आ.व. २०८५/८६ सम्म आयोजना सम्पन्न गरी मधेस प्रदेशको बागमती सिंचाइ आयोजनाबाट हाल ४५,६०० हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध भइरहेकोमा सुनकोशी नदिबाट ६७ घनमिटर प्रति सेकेन्ड (६७,००० लिटर प्रति सेकेन्ड) पानी मरिन नदीमा खसाली धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाहरु अन्तर्गतको कूल १,२२,००० हेक्टर जमीनमा वर्षैंभरी सिंचाइ सुविधा पुर्‍याउने प्रमुख उद्देश्य रहेको साथै ३१.०७ मेगावाट जल विद्युत समेत उत्पादन गरी देशको उर्जा क्षेत्रमा थप योगदान दिने सहायक उद्देश्य रहेको छ । यस आयोजनाका मुख्य मुख्य कार्यहरु तथा उद्देश्यहरू निम्नानुसार रहेका छनः-

- सुनकोशी नदीमा हेडवर्क्स, इन्टेक, सेट्लिङ बेसिन, पावर कल्भर्ट तथा सम्बन्धीत संरचना निर्माण गर्ने तथा मरिन नदिको बाँया किनारमा बिद्युतगृहका साथै स्विचयार्ड, पेनस्टक लगायत सर्जसाफ्ट तथा सम्बन्धीत संरचना निर्माण गर्ने
- हेडरेस टनेल, लोकमार्ग Relocation, लगायत अन्य सिभिल कार्य
- इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान कार्य
- ट्रान्समिसन लाईन निर्माण कार्य
- सुनकोशी, तामाकोशी र मरिन नदीबाट प्रभावित स्थानहरूमा वातावरणीय, सामाजिक, पूर्वाधार विकासका कार्यक्रमहरू संचालन गरी जीवनयापनलाई सहज र समृद्ध बनाउने तथा नदि नियन्त्रणका कार्यहरु गर्ने।
- वातावरणीय व्यवस्थापन योजना अन्तर्गतका कार्यहरु

यस आयोजनाका थप उद्देश्यहरू निम्नानुसार रहेका छनः-

- १३.३ किलोमिटर लामो तथा Siwalik/Lesser/Higher Himalaya को भौगर्भिक अवस्थाको सुरूङ निर्माणमा Double Shield Tunnel Boring Machine (TBM) को सफल प्रयोग गर्ने
- जलस्रोत तथा सिंचाइ क्षेत्रमा कार्यरत क्रियाशिल प्राविधिकहरुको नयाँ प्रविधिको उपयोग गर्दै प्राविधिक दक्षता वृद्धि गर्ने

## आयोजनाबाट हुने फाइदा

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट निम्नानुसारका उपलब्धिहरू हासिल हुनेछन्:

- सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्ला अन्तर्गतको कुल १,२२,००० हेक्टर जमीनमा वर्षैंभरी सिंचाइ सुविधा पुगी कृषि एवं नगदेबालीको उत्पादन र उत्पादकत्व वृद्धि भै आत्मनिर्भर अर्थतन्त्रमा सघाउ पुग्नुका साथै ३१.०७ मेगावाट जलविद्युतको उत्पादनबाट औद्योगिक विकासमा टेवा पुग्नुका साथै अन्य आमोद-प्रमोद, पर्यटन तथा वातावरणीय उपलब्धिहरू हासिल हुनेछन् ।

  सुनकोशी मारिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विकासबाट हाल संचालनमा रहेको बागमती सिंचाइ आयोजनामा दिगो रूपमा धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुविधा पुर्‍याउनुको साथै सतह र भूमिगत जलस्रोतको संयोजनात्मक रुपमा उपयोग गरी उर्वर भूमिबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि हाल कृषिमा भएको आयातको असन्तुलन (Trade Deficit) कम गर्न मद्दत पुर्‍याउनेछ । आयोजनाको विकासबाट जलस्रोत तथा सिंचाइ विभागमा कार्यरत प्राविधिक जनशक्तिको बहुद्देश्यीय तथा अन्तर जलाधार जलस्रोत आयोजनाहरुको विकासको लागि क्षमता अभिवृद्धि हुनुको साथै यस्तै प्रकृतिका अन्य आयोजनाहरु निर्माण गर्न सहयोगी सिद्ध हुनेछ।

- यस आयोजनाले मरिन नदी नियन्त्रण तथा मरिन नदी किनार स्थित कृषक कुलोहरुको समेत पुनःस्थापना गर्ने गरि गुरुयोजनामा समेटेको छ। आयोजनाको कार्यान्वयन संगै सो गुरुयोजनाको समेत कार्यान्वयन हुने र मरिन नदी आसपासका वासिन्दाका आर्थिक समुन्नती हुनेछ। डुबानमा पर्ने जग्गाको सुरक्षाका साथै हात्तीटार स्थित करिब २७ हेक्टर जग्गाको उकास गरी वर्षौं देखि भोगचलन गरिरहेका माझी समुदायलाई नै हस्तान्तरण गर्ने कार्यले अल्पसंख्यक तथा सिमान्तकृत समुदायको समुत्थानमा सहयोग पुग्नेछ ।


आयोजना संचालन पश्चात सुनकोशी र तामाकोशी क्षेत्रमा बसोवास गर्ने जनसंख्याको वहुआयामिक विकास हुनेछ। सो क्षेत्रमा माछा पालनदेखि आन्तरिक तथा बाह्य पर्यटनको उल्लेख्य वृद्धी हुनुका साथै मनोरन्जन तथा ताल/जलाशयमा पर्यटन व्यवसाय समेत फस्टाउने निश्चित छ । यसले गर्दा यहाँका स्थानिय वासिन्दाको आयआर्जन वृद्धि भई जिवनस्तरमा सुधार हुनेछ ।

## ३. आयोजनाको कार्य विभाजन

यस आयोजना बाट सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन्:

- जग्गा अधिग्रहण कार्य
- सुरुङ निर्माण कार्य
- हेडवर्क्स र विद्युतगृह निर्माण कार्य
- इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान कार्य
- ट्रान्समिसन लाईन निर्माण कार्य
- वातावरणीय व्यवस्थापन योजना सम्बन्धि कार्य
- प्रभावित क्षेत्रमा नदी नियन्त्रण, सडक, सिंचाइ कुलो, लिफ्ट सिंचाइ, खानेपानी लगायत विभिन्न सीप विकास तथा क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु

## ४. आयोजनाको संगठनात्मक संरचना




## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

क. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम, र

२. अन्य विशेष कानुनले तोके बमोजिमको दस्तुर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, र

२. अन्य विशेष कानुनले अवधि तोकेकोमा सोहि बमोजिमको

## ६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया तथा अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडी बढाइने।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

आयोजना निर्देशक श्री मित्र बराल

## ८. सूचना अधिकारी र प्रमुखको नाम पद

प्रमुखः आयोजना निर्देशक श्री मित्र बराल

सूचना अधिकारी: सि.डि.इ. श्री रवि शाक्य

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

यस आयोजना बाट हालसम्म सम्पादन भएका मुख्य मुख्य कामहरु निम्नानुसार रहेका छन् :

आयोजनाको DFSR स्वीकृत भएको। आयोजनाको खरिद गुरुयोजना स्वीकृत भएको। वातावरणीय प्रभाव अध्ययन (EIA) प्रतिवेदन स्वीकृत भएको। ३ वटा सार्वजनिक सुनुवाइ (सिन्धुली- पावरहाउस साइट, कुसुमटार र डुवान क्षेत्र, खाल्टे तथा रामेछाप- डुवान क्षेत्र हात्तिटार) मा सरोकारवालाहरुको व्यापक सहभागितामा सम्पन्न भएको। रामेछाप जिल्ला अन्तर्गतको डुवानमा पर्ने जग्गा अधिग्रहणको सम्बन्धमा जग्गाको मूल्याङ्कन सम्पन्न भइ मुअब्जा बितरणको कार्य अन्तिम चरणमा रहेको । सिन्धुली जिल्ला तर्फको जग्गाको मूल्याङ्कन सम्पन्न भइ मुआब्जा बितरणको कार्य सम्पन्न भएको। मिति २०७७/११/२० मा तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली ज्यूबाट सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माण कार्यको शिलान्यास भएको। सुरुङ निर्माण कार्यको ठेक्काको निर्माण व्यवसायी साइटमा परिचालन भई TBM Step-In कार्य मिति २०७९/०६/२८ मा उर्जा, जलस्रोत तथा सिंचाइ तत्कालिन मन्त्री मा. पम्फा भुसाल ज्यूको निरिक्षणमा सम्पन्न भई TBM बाट २०८० पुष मसान्त सम्म १०५४४ मिटर सुरुङ खन्ने कार्य सम्पन्न भएको छ। Headworks Package को निर्माण कार्यको ठेक्का सम्झौता भई प्रारम्भिक तयारि, Contractor's Camp, Labor Camp, Employer/Engineer Camp तथा Coffer Dam को निर्माण कार्य भईरहेको । सामाजिक विकास अन्तर्गतका कार्यहरु गर्नको निम्ति स्थलगत माग संकलन कार्य भएको तथा प्रभावित क्षेत्रका वासिन्दालाई शीप विकासका कार्यहरु सम्पन्न भएको। मरिन नदी नियन्त्रण कार्यको २ कि.मि. सम्मको सम्मको (Package-1) ठेक्का सम्झौता भई Work Order जारी भई निर्माण व्यवसायी साईटमा परिचालन भई site clearance को कार्य भइरहेको। डुबान प्रभावित क्षेत्रमा लिफ्ट सिंचाइहरुको निर्माण सम्झौता भइ निर्माण कार्य भइरहेको। मदन भण्डारी सडक Realignment डिजाइनको सडक विभाग बाट स्वीकृत प्राप्त भए

अनुसारको कार्य भैरहेको। Transmission Line को IEE को कार्य भैरहेको। Electromechanical works को खरिद प्रकृया अगाडी बढाउन लागत अनुमान तैयार गर्ने कार्य भैरहेको। सुनकोशी, तामाकोशी नदी नियन्त्रण कार्यको लागि लागत अनुमान तैयार गरि खरिद प्रकृया अगाडी बढाउने कार्य चाँडै सुरु गरिने। सुनकोशी-तावा डाईभर्सन बहुउद्देश्यीय आयोजनाको पूर्व सम्भाव्यता अध्ययनको कार्य भैरहेको। आयोजनाको खरिद गुरुयोजना (अद्यावधिक-०१) स्वीकृत भएको।

## १०. हाल सम्मको प्रगति तथा खर्चको विवरण

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको चालु आ. व. २०८०/८१ को दोस्रो त्रैमासिक बजेट तथा खर्च निम्नानुसार रहेको छः

| | | | | |
|---|---|---|---|---|
| दोस्रो त्रैमासिकको विनियोजित बजेटः | १६८३६.२२ | खर्चः | १६२४३.२९ | (रु लाखमा) |
| बार्षिक विनियोजित बजेटः | ४१७१४.०० | खर्चः | ३०५०६.९६ | (रु लाखमा) |

| | |
|---|---|
| दोस्रो त्रैमासिक प्रतिवेदन अवधिको भारित प्रगति (प्र.श.): | १०३.७९ % |
| दोस्रो त्रैमासिक प्रतिवेदन अवधिको वित्तिय प्रगति (प्र.श.): | ९६.४८ % |
| प्रतिवेदन अवधिसम्म यस आ.व. को भारित प्रगति (प्र.श.): | ८६.२९ % |
| प्रतिवेदन अवधिसम्म यस आ.व. को वित्तिय प्रगति (प्र.श.): | ७३.१३ % |

<u>आयोजनाको समष्टिगत प्रगति विवरण</u>

| | |
|---|---|
| कुल लागत (रु लाखमा): | ४९४२३१ |
| खर्च रकम (रु लाखमा): | ११९११९.०६ |
| वितिय प्रगति प्रतिशतः | २४.१० % |
| भौतिक प्रगति प्रतिशतः | २६.३८% |

## ११. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको वेबसाइट www.smdmp.gov.np रहेको छ। Facebook page: https://www.facebook.com/profile.php?id=100063951878939 रहेको छ।